SHIVA SHREE HYDROPOWER LTD.

Ref. No. 137|2083|84

मिति : २०८३।०८।०४

श्री नेपाल स्टक एक्सचेन्ज लि.
सिंहदरबार प्लाजा काठमाण्डौं

बिषय :- वार्षिक साधारण सभा तथा शेयर दाखिल खारेज बन्द बारे ।

महोदय,

उपरोक्त सम्बन्धमा यस कम्पनीको मिति २०८३।०८।०३ मा बसेको संचालक समितिको बैठकको निर्णयानुसार मिति २०८३ साल मंसिर महिना २८ गते सोमबार नवौ र दशौ वार्षिक साधारण सभा गर्ने निर्णय भएको हुँदा साधारण सभा प्रयोजनको लागि मिति २०८३/०८/१६ गते शेयर दाखिल खारेज बन्द गरिने व्यहोरा जानकारीको लागि अनुरोध छ ।

सभा हुने मिति, स्थान र समय :-

मिति : २०८३ साल मंसिर महिना २८ गते सोमबार (तदनुसार December 14, 2026)
स्थान : क्वालिटी ब्याङ्क्वेट, बुद्धनगर, काठमाण्डौं
समय : बिहान ११:०० बजे

भवदिय

रितु शाक्य
कम्पनी सचिव

बोधार्थ

१. श्री नेपाल धितोपत्र बोड, खुमलटार, ललितपुर ।
२. श्री कम्पनी रजिष्ट्रारको कार्यालय, त्रिपुरेश्वर काठमाण्डौं ।
३. श्री सि.डि.एस. एण्ड क्लियरिङ्ग लिमिटेड, पुतलिसडक काठमाण्डौं ।
४. श्री विद्युत नियमन आयोग, सानोगौचरण काठमाण्डौं ।
५. श्री सिटिजन्स् क्यापिटल लिमिटेड, बाटुलेघर, काठमाण्डौं ।

संलग्न

वार्षिक साधारण सभा बारेको सुचना

शिवश्री हाइड्रोपावर लिमिटेड

का.म.न.पा.वडा नं.१०, बुढानगर काठमाण्डौं ।

नवौं र दशौं वार्षिक साधारण सभा सम्बन्धी सूचना

(प्रथम पटक प्रकाशित मिति २०८३/०८/०५)

यस शिवश्री हाइड्रोपावर लि.को मिति २०८३/०८/०३ मा बसेको संचालक समितिको बैठकको निर्णयानुसार कम्पनीको नवौं र दशौं वार्षिक साधारण सभा निम्न मिति, समय र स्थानमा छुटटा छुटटै रुपमा क्रमशः सञ्चालन हुने भएको हुँदा कम्पनी ऐन, २०६३ को दफा ६७(२) बमोजिम सम्पूर्ण शेयरधनीहरुको जानकारी तथा उपस्थितिका लागि यो सूचना प्रकाशित गरिएको छ ।

साधारण सभा हुने मिति, स्थान र समय :-

मिति : २०८३ साल मंसिर महिना २८ गते सोमबार

समय : बिहान ११:०० बजे ।

स्थान : क्वालिटी ब्याङ्क्वेट, बुढानगर, काठमाण्डौं ।

साधारण सभामा पेश हुने छलफलका विषयहरु

क) सामान्य प्रस्ताव

१. संचालक समितिको तर्फबाट अध्यक्षज्यूले पेश गर्नु हुने आ.व २०८१/०८२ र २०८२/०८३ को वार्षिक प्रतिवेदन उपर छलफल गरी पारित गर्ने सम्बन्धमा ।

२. आ. व. २०८१/०८२ र आ.व. २०८२/०८३ को लेखापरिक्षण प्रतिवेदन सहितको सम्पूर्ण वित्तिय विवरणहरु उपर छलफल गरी पारित गर्ने सम्बन्धमा ।

३. आर्थिक वर्ष २०८२/०८३ को लागि गरिएको लेखापरीक्षक नियुक्ति अनुमोदन गर्ने तथा आ.व. २०८३/०८४ को लागि कम्पनी ऐन, २०६३ को दफा १११ अनुसार लेखापरिक्षक नियुक्त गर्ने र निजको पारिश्रमिक निर्धारण गर्ने सम्बन्धमा ।

४. सञ्चालकहरुको नियुक्ति सम्बन्धमा ।

ख) विशेष प्रस्ताव

१. कम्पनीको नियमावलीको नियम २७(२) को व्यवस्था संशोधन गर्ने सम्बन्धमा ।

ग) विविध ।

साधारण सभा सम्बन्धी सामान्य जानकारी

१. वार्षिक साधारण सभाप्रयोजनको लागि मिति २०८३/०८/१६ गते एक दिन कम्पनीको शेयरधनी दर्ता किताब बन्द (Book Close) गरिनेछ । नेपाल स्टक एक्स्चेन्ज लिमिटेडमा मिति २०८३/०८/१५ (तदनुसार २०२६/१२/०१) गते सम्म कारोबार भई शेयर खरिद गरी आफ्नो नाममा शेयर नामसारी भई आएका शेयरधनीहरुले मात्र वार्षिक साधारण सभामा भाग लिन पाउने छन् ।

२. साधारण सभामा भाग लिने शेयरधनी महानुभावहरुले आफ्नो परिचय खुल्ने प्रमाण वा फोटो सहितको परिचयपत्र अनिवार्य रुपमा साथमा लिई आउनु पर्नेछ ।

३. साधारण सभामा भाग लिन प्रतिनिधि (प्रोक्सी) नियुक्तगर्न चाहने शेयरधनीहरुले प्रचलित कानूनले तोकेको ढाँचामा प्रतिनिधित्व (प्रोक्सी) फारम भरी सभा हुनु भन्दा ४८ घण्टा अगावै कम्पनीको केन्द्रीय कार्यालय, काठमाडौंमा प्रतिनिधिपत्र (प्रोक्सी) दर्ता गराइ सक्नु पर्नेछ । कम्पनीको शेयरधनी बाहेक अरुलाई प्रतिनिधि (प्रोक्सी) दिन पाइने छैन ।

४. शेयरधनी महानुभावहरुको उपस्थिति पुस्तिका साधारण सभा स्थलमा बिहान बिहान ९:३० बजे देखि खुल्ला रहनेछ ।

५. वार्षिक साधारण सभा सम्बन्धी अन्य जानकारी वा साधारण सभामा पेश हुने विवरणहरु सम्बन्धमा कुनै जानकारी आवश्यक भएमा कम्पनीको केन्द्रिय कार्यालय का म न.पा वडा न.१०, बुढानगर, काठमाण्डौं वा कम्पनीको फोन ०१-४७९६३४६ बाट प्राप्त गर्न सक्नु हुनेछ ।

सञ्चालक समितिको आज्ञाले,

कम्पनी सचिव

SHIVA SHREE HYDROPOWER LTD. श्री 2073